# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །སོ་ལུ་དུད་ཁུམ་ཀུན་ཎ་གྲོང་སྡེ་ཁུལ་ལྷན་ཁང་།

## नगर कार्यपालिकाको कार्यालय

### सल्लेरी, सोलुखुम्बु

प्रदेश नं. १ नेपाल

प.सं. २०७७-७८

च.नं.

विषयः आगामी आ.व. २०७८/७९ को बजेट सिलिङ तथा मार्ग दर्शन सम्बन्धमा ।

श्री वडा कार्यालय सबै,
सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बु ।

प्रस्तुत विषयमा आगामी आर्थिक वर्ष २०७८/७९ का लागि वडागत रुपमा तपसिल वमोजिमको बजेट सीमा कायम गरी पठाइएको छ । उक्त बजेट सीमाको परिधिभित्र रही संलग्न मार्ग दर्शन वमोजिमको परिधिभित्र रही नगर सभा अगावै योजना छनौट गरी यस कार्यालयमा पेश गर्नुहुन अनुरोध गरिन्छ ।

(क) वडागत रुपमा देहाय वमोजिमको बजेट सीमा कायम गरिएको छ ।

| वडा नं. | पूँजीगत बजेट तर्फ | | | चालू बजेट तर्फ | | |
|---|---|---|---|---|---|---|
| | संघीय समानीकरण | प्रदेश राजश्व | कूल जम्मा | संघीय समानीकरण | आन्तरिक | कूल जम्मा |
| १ | ३२००००० | ८००००० | ४०००००० | २००००० | ३००००० | ५००००० |
| २ | ३२००००० | ८००००० | ४०००००० | २००००० | ३००००० | ५००००० |
| ३ | ३२००००० | ८००००० | ४०००००० | २००००० | ३००००० | ५००००० |
| ४ | ३२००००० | ८००००० | ४०००००० | २००००० | ३००००० | ५००००० |
| ५ | ३२००००० | ८००००० | ४०००००० | २००००० | ३००००० | ५००००० |
| ६ | ३२००००० | ८००००० | ४०००००० | २००००० | ३००००० | ५००००० |
| ७ | ३२००००० | ८००००० | ४०००००० | २००००० | ३००००० | ५००००० |
| ८ | ३२००००० | ८००००० | ४०००००० | २००००० | ३००००० | ५००००० |
| ९ | ३२००००० | ८००००० | ४०००००० | २००००० | ३००००० | ५००००० |
| १० | ३२००००० | ८००००० | ४०००००० | २००००० | ३००००० | ५००००० |
| ११ | ३२००००० | ८००००० | ४०००००० | २००००० | ३००००० | ५००००० |
| जम्मा | ३५२००००० | ८८००००० | ४४०००००० | २२००००० | ३३००००० | ५५००००० |

**नोटः १.संघीय समानीकरण अनुदानतर्फ पूर्वाधार निर्माणका कार्यक्रमहरु (चालू प्रकृतिका) मात्र छनौट गर्नुपर्नेछ । शिक्षक/कर्मचारी तलव, लक्षित वर्गका लागि तालिम गोष्ठी, भ्रमण, सामाग्री खरिद जस्ता सफ्टवेयरका कार्यक्रम छनौट गर्न पाईने छैन ।**

**२. प्रदेश राजश्वतर्फको बजेटबाट अधिकतम रुपमा पूर्वाधार निर्माणका कार्यक्रम मात्र यस शीर्षकबाट छनौट गर्नुपर्नेछ लक्षित वर्गको तालिम, गोष्ठी, भ्रमण, सामाग्री खरिद जस्ता सफ्टवेयरका कार्यक्रम छनौट गर्न सकिनेछ ।**

**३. चालू बजेटको पनि वर्गीकरण गरी पठाउनुपर्नेछ ।**

**४.छनौट भएका आयोजनाहरु सुत्रमा ईन्ट्री भएपछि पुनः संशोधन गर्न नमिल्ने भएकोले आयोजना छनौट गर्दा संशोधन गर्न नपर्ने गरी आयोजना छनौट गर्नुपर्नेछ ।**

लाल बाबु तिवारी
प्रमुख प्रशासकीय अधिकृत

(ख) **बजेट सीमा तथा मापदण्ड**

१) आगामी आ.व. वडाहरूलाइ पूँजीगत शीर्षकमा रु. ४० लाख तथा प्रशासनीक खर्च वापत रु.५ लाख समेत जम्मा रु.४५ लाखको वजेट सीमा कायम गरेकोले वडाले योजना तथा कार्यक्रम तयार गर्दा नगरपालिकावाट दिइएको संघीय समानीकरण , प्रदेश राजश्व वाँडफाँट र आन्तरीक स्रोत शीर्षकको वजेट सीमा अनुसार वजेट मिलान हुने गरी छुट्टा ,छुट्टै योजना तथा कार्यक्रम पेश गर्नु पर्ने र उक्त बजेटबाट लक्षित समूह (महिला १०प्रतिशत, बालबालिका १० प्रतिशत र अन्य १० प्रतिशत) का लागि समेत बजेट बिनियोजन गर्न र लक्षित वर्गका बजेटमध्ये ६० प्रतिशत पूँजीगत र ४० प्रतिशत क्षमता विकास, आय आर्जन एवं सीप विकासमा समानुपातिक रूपमा बिनियोजन गर्नुपर्ने ।

२) लक्षित वर्गका लागि छुट्टयाएको रकम बाहेक अन्य पूँजीगत खर्चतर्फ देहाय बमोजिमका बिकास क्षेत्रगत बजेट सीमा कायम गरिएकोले सोही बमोजिमका कार्यक्रमहरू छनौट गरी प्रस्ताव गर्ने :-

क) आर्थिक विकास तर्फ : २० प्रतिशत ( कृषि तथा पशुपालन क्षेत्रमा )

ख) सामाजिक विकास तर्फ : १० प्रतिशत

ग) पूर्वाधार विकास तर्फ : ६० प्रतिशत

घ) वातावरण तथा विपद व्यवस्थापन तर्फ : १० प्रतिशत

१) स्थानीय सरकार सञ्चालन ऐन, २०७५ का दफा २४ (३) बमोजिमका प्राथमिकताका विषयहरू साथ पन्ध्रौं योजनाका लक्ष्य, उद्देश्य र रणनीतिहरूका कार्यान्वयनमा प्रत्यक्ष योगदान पुग्ने गरी वडा स्तरीय वार्षिक विकास कार्यक्रम तर्जुमा गर्ने ।

२) कार्यक्रम तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरू (SDGs) का सम्बन्धित लक्ष्यहरू हासिल गर्न सहयोग पुग्ने किसिमका कार्यक्रमहरूलाइ प्राथमिकता दिने ।

३) स्थानीय तहका वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७५ (नमुना) लाइ आधार मानी वस्ती तहका योजना छनौट गर्दा निम्नुसार गर्ने :-

क) वडा समितिले आफ्ना वडामा प्रतिनिधित्व गर्ने सदस्यहरूलाइ विभिन्न वस्ती र टोलका योजना तर्जुमा गर्ने सहजीकरण गर्ने गरी संयोजकका जिम्मेवारी तोक्नुपर्ने,

ख) प्रत्येक वडाले वडा भित्रका बस्तीहरूमा योजना तर्जुमाका लागि बैठक हुने मिति र समय कम्तिमा ३ दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउनुपर्ने,

ग) वस्ती तहका योजना छनौट गर्दा सो बस्ती भित्रका सबै नगर समुदाय ( महिला, दलित, आदिबासी, जनजाति, जेष्ठ नागरिक, बालबालिका, युवा आदि) का प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने,

घ) टोल र बस्तीमा हुने योजना तर्जुमा प्रक्रियामा टोल/वस्ती भित्रका क्रियाशिल

सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु

लाल बाबु क्षत्री प्रमुख प्रशासकीय अधिकृत

सामुदायिक संस्थाहरू टोल विकास संस्था, आमा समूह, बाल क्लव र संजाल, युबा क्लब, नागारिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूह आदि) लाइ पनि सहभागि गराइ योजना तथा कार्यक्रम छनौट गर्नु पर्ने,

ङ) यसरी छनौट भएका योजनाहरूका सूचि संयोजकले टोल र बस्ती स्तरमा भएर गरेका योजना तथा प्राथमिकीकरणका आधारमा लिखित रूपमा वडा समितिमा पठाउन पर्ने,

च) टोल र बस्तीहरूबाट प्राप्त योजनाहरूमध्ये वडाका लागि प्राप्त बजेट सीमाका अधिनमा रही योजनाहरूका छनौट गरी प्राथमिकता निर्धारण सहित संलग्न ढाँचामा बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नुपर्ने,

छ) वडाका बजेट सीमाभित्र कार्यान्वयन हुन नसक्ने वडाका महत्वपूर्ण आयोजना भएमा नगरस्तरीय योजनाका रूपमा संलग्न सूची बमोजिम छुट्टै पठाउन पर्ने,

ज) लक्षित वर्गका लागि बजेट विनियोजन गदा एकमुष्ट (अवण्डा) नराखी अनिवार्य रूपमा कार्यक्रमहरू तयार गरी बिनियोजन गर्नुपर्ने,

झ) लक्षित वर्गतर्फका कार्यक्रम तर्जुमा गदा सम्बन्धित लक्षित वर्गका सरोकारहरूसँग व्यापक छलफल र समन्वय गरी कार्यक्रम तर्जुमा गर्नुपर्ने,

ञ) वडाका संस्थागत क्षमता विकासका लागि आवश्यकता अनुसार रकम बिनियोजन गर्न प्राथमिकता दिनुपर्ने,

ट) भौतिक पूर्वाधारतर्फका योजनाहरू छनौट गदा क्रमागत योजनाहरू र तत्काल प्रत्यक्ष फाईदा पुऱ्याउन र एक आर्थिक बर्षमा सम्पन्न हुने खालका योजनाहरूका कार्यान्वयनका लागि प्राथमिकता दिनु पर्ने ।

ठ) पहिले बनिसकेका सरचनाहरू (सडक, खानेपानी, सिंचाई, भवन आदि) मा असर पर्ने गरी नयाँ योजना र कार्यक्रम प्रस्तावबा कार्यान्वयन नगर्ने,

ड) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७० बमोजिम भत्ता पाउन लक्षित समूह व्यक्तिहरूका नवीकरण २०७८ असार मसान्तसम्म उमेर पुग्ने नागरिकहरूले समेत दरखास्त दिन पाउन गरी सूचना २०७८ मंसिर मसान्तभित्र प्रकाशित गरी नवीकरण तथा अध्यावधिक नामावली नगरपालिकाका कार्यालयमा पठाउन पर्ने,

ढ) जन सहभागिता जुटन सक्न योजना तथा कार्यक्रमलाइ उच्च प्राथमिकता लिइ प्रत्येक योजना तथा कार्यक्रम लैंगिक सन्तुलन (महिला र पुरुष) र सब वर्गका समावेशी सहभागिता (दलित, जनजाति, आदिबासी, उत्पीडित, उपेक्षित, विपन्न, अपाङ्ग, वृद्ध, युवा, बालबालिका, पिछडिएका वग आदि) का सम्बोधन हुन गरी योजना तर्जुमा गर्नहुन,

ण) वस्ती वाटोल मा भेला गदा प्राथमिकताका आधारमा योजना छनौट गर्नुका साथै यस्ता भेलामा राजनैतिक दलका प्रतिनिधि प्राविधिक ज्ञान सीप भएका

थुलुङ दुधकोशी नगरपालिका नगर कार्यपालिकाको कार्यालय नेलेरी, सोलुखुम्बु

लाल बहादुर कुमारी
प्रमुख प्रशासकीय अधिकृत

प्रवुद्ध व्यक्तित्व, महिला बालबालिका, अपाङ्ग, दलित, उपेक्षित, युवा, खेलकुद प्रेमी, उत्पीडितवर्ग, योजनाकार, अग्रज समाजसेवी, वुद्धिजीवि, जनजाति, पत्राकार, संचारकर्मी, उपभोक्ता समितिका अध्यक्ष वडामा रहेका विषयगत शाखाका प्रमुख र दातृ निकाय, गै.स.स. का प्रतिनिधिलाइ आमन्त्रण गरी सहभागितात्मक रूपमा योजना तर्जुमा गर्नुहुन,

त) वडा स्रोत नक्शा, सामाजिक नक्शा, गरीवी नक्शाङ्कन, विपन्नता स्तरीकरण नक्शाङ्कन आदिका आधारमा योजना छनौट एवं तर्जुमा गर्नुहुन,

थ) आ-आफ्ना वडामा लगानीबाट बढि भन्दा बढी प्रतिफल प्राप्त अभिप्रायले कार्यक्रम सञ्चालन गर्नहुन विभिन्न साझेदारी गरी कार्यक्रम सञ्चालन गदा राख्नुपर्ने समपूरक कोष (म्याचिङ फण्ड) वडाका लागि छुट्टयाएका अनुदान रकमबाट अनिवार्य राखि कार्यक्रम सञ्चालन गर्नुहुन,

द) आफ्ना वडाका कृषि, पशु, घरेलु, शिक्षा, स्वास्थ्य, सिंचाइ कुलो, खानेपानी, मानव संशाधन आदि क्षेत्र लगायत आफ्ना वडाका स्रोत नक्शा, सामाजिक नक्शा, वडा पाश्वचित्र, वडाका नागरिक वडापत्र आदिका कार्य गर्ने वडाका बजेट र स्रोतबाट र अन्य स्रोतबाट समेत वडाका क्षमता हेरी बजेट बिनियोजन गरी वडाबाट स्वीकृत गराई कार्य गर्न हुन,

ध) वडाका आन्तरिक आयवृद्धि गर्न कार्य योजना र कार्यक्रम अनिवार्य तयार गरी नगरपालिकामा पेश गर्नुहुन,

न) नगरपालिकाबाट स्वीकृत योजना तथा कार्यक्रम बारे सम्पूर्ण वडाबासीलाइ अनिबार्य जानकारी हुने गरी सार्वजनिक गराउनु हुन,

प) महिला हिंसामुक्त क्षेत्र, बालबालिका, अपाङ्ग मैत्री नगरपालिकाका घोषणा जस्ता अभियान सञ्चालन गर्न वडाहरूले पूँजीगत अनुदानबाट आवश्यक अनिवार्य रकम विनियोजन गरी सोही अनुसार सबैका समावेशी सहभागितामा कार्यक्रम बनाई कार्यान्वयन गर्नुहुन,

फ) वडाबाट सञ्चालन हुने योजना तथा कार्यक्रमका पारदर्शिताका लागि योजना सूचनापाटी र सम्पन्न योजना तथा कार्यक्रमका अनिवार्य रूपमा सार्वजनिक परीक्षण गर्ने,

ब) वडाबाट आ. व.२०७८/०७९ मा सञ्चालन हुने योजना तथा कार्यक्रमका २०७८ साउन मसान्त भित्र अनिवाय कार्ययोजना बनाइ सोही अनुसार कार्यान्वयन

गर्न हुन र आ. व. २०७८/०७९ मा कार्यान्वयन हुने योजना तथा कार्यक्रमको सुपरिवेक्षण अनुगमन गरी प्रतिवेदन दिने प्रयोजनका लागि एवं वडा स्तरीय योजना तथा कार्यक्रम अनुगमन एवं सुपरिवेक्षण समिति गठन गर्नुहुन,

भ) त्यस वडालाइ प्राप्त पूजीगत अनुदान रकमबाट योजना सञ्चालन गर्दा स्थानीय श्रम प्रधान प्रविधि अवलम्बन गरी गर्नुहुन,

म) वडाले गरिवमुखी नीति र वडाका ग्रामीण दुर्गम र विकट क्षेत्रका आय आर्जनमा प्रत्यक्ष सेवा टेवा र सहयोग पुऱ्याउन कार्यक्रमहरू, ग्रामीण क्षेत्रका विपन्न वर्गका स्थानीय जनताका क्षमता र सीप विकास सम्बन्धी कार्यक्रमहरू, सामाजिक परिचालनका माध्यमबाट सञ्चालन गर्न सकिन कार्यक्रमहरू र लक्षित वर्ग उन्मुख, महिला, दलित, आदिबासी जनजाती, अपाङ्गता भएका व्यक्तिहरू, उपेक्षित उत्पीडित, पछाडि परेका विपन्न वर्गलाइ प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रमहरू सञ्चालन गरी योजना तथा कार्यक्रम छनौट गर्नु हुनका साथै संघ, प्रदेश र नगरपालिकाका विकासका प्राथमिकता र योजना तथा कार्यक्रमलाई ध्यान दिइ योजना तथा कार्यक्रम छनौट गर्न एवं कार्यान्वयन गर्न हुन,

य) सबै वडाले नगर सभा अगावै योजना तथा कार्यक्रम छनौट गरी अनिवार्य रूपमा नगरपालिकामा पठाउनु हुन ।

सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु

लाल बाबु कवारी
प्रमुख प्रशासकीय अधिकृत

# सोलु दुधकुण्ड नगरपालिकाको कार्यालय

वडा नं

## आ.व २०७७/७८ को वजेट विनीयोजन

वजेट शीर्षक समानीकरण वजेट रकम ३२०००००

| क.सं | योजनाको नाम | योजना स्थल | वजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |
| १६ | | | | |
| १७ | | | | |
| १८ | | | | |

सोलुदुधकुण्ड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु